प्रदेश सरकार
पर्यटन, वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
# डिभिजन वन कार्यालय
धनकुटा, कोशी प्रदेश, नेपाल

पत्र संख्याः- यो. २०८०/८१
चलानी नं. –

## जडीबुटी (यार्सागुम्बा) बोलपत्रद्धारा लिलाम बिक्री सम्बन्धी सूचना
**(प्रथम पटक प्रकाशन मितिः २०८०।०४।१५)**

हाल सम्मानित धनकुटा जिल्ला अदालतमा विचाराधीन अवस्थामा रहेको अवैध रुपमा वन पैदावार ओसारपसार सम्बन्धी मुद्दाको (मुद्दा नं. ०७९-CR-०००३) अनुसन्धानको क्रममा बरामद भएको तपसिल बमोजिमको वन पैदावार धनकुटा जिल्ला अदालतको च.नं. ०७९-२५-००२२८० मिति २०८०।०३।२६ को लिलाम सहमति बमोजिम लिलाम विक्री गर्नुपर्ने भएकोले निम्न परिमाणको जडीबुटी (यार्सागुम्बा) जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजान पर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। इच्छुक व्यक्ति, संघ, संस्था फर्म वा कम्पनीले यो सूचना ब्लाष्ट टाइम्स राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र शिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ।

१. जडिबुटीको विवरणः

तपसिल

| जडीबुटी | | | | मूल्याङ्कन रु. | |
|---|---|---|---|---|---|
| सि.नं. | जात | वैज्ञानिक नाम | परिमाण (के.जी.) | न्यूनतम | खर्च |
| १ | यार्सागुम्बा | *Cordyceps sinensis* | ३.३ | १,०२,३००।- | |

२. बोलपत्र दाखिला गर्नुपर्ने अन्तिम मिति र समय र स्थान

(क) अन्तिम मितिः २०८०/०५/०४ (ख) समयः दिनको १२ बजेसम्म (ग) स्थानः डिभिजन वन कार्यालय धनकुटा

३. बोलपत्र डिभिजन वन कार्यालय धनकुटा, वन निर्देशनालय धरान वा प्रदेश लेखा ईकाइ कार्यालय धनकुटाबाट खरिद गर्न सकिनेछ।

४. बोलपत्र साथ कबोल गरेको रकमको १० प्रतिशतले हुने धरौटी रकम प्रदेश लेखा इकाई कार्यालय, धनकुटाको रा.वा.वैंक, धनकुटास्थित प्रदेश धरौटी खाता नं. २०१०१००२०२०३०००० मा यस कार्यालयको कोड नं. ३२९०१०६०११ मा नगद जम्मा गरेको सक्कलै भौचर वा ६ महिनाभन्दा बढी अवधिको नेपाल राष्ट्र बैंकबाट क वर्गको ईजाजत प्राप्त बैंकको बैंक ग्यारेन्टीको कागज पेश गर्नुपर्नेछ।

५. बोलपत्र फारम रु. १,०००।– (पछि फिर्ता नहुने गरी) तिरी डिभिजन वन कार्यालय धनकुटाको लेखा शाखा वा वन निर्देशनालय, धरान वा प्रदेश लेखा ईकाइ कार्यालय धनकुटाबाट २०८०/०५/०३ गते दिनको ५ बजेसम्म खरिद गर्न सकिनेछ।

६. लिलाम बढाबढ हुने जडीबुटी कार्यालय खुलेको समय भित्र यस कार्यालयको जिन्सी शाखा/फाँटमा गई हेर्न सकिनेछ।

७. लिलाममा भाग लिन ईच्छूक व्यक्ति, कम्पनी वा फर्मका प्रोप्राईटरले नेपाली नागरिकताको प्रतिलिपि, कर दर्ता प्रमाणपत्रको प्रतिलिपि (PAN/VAT) र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि बोलपत्र साथ पेश गर्नुपर्नेछ।

८. निर्धारित गरिएको न्यूनतम संख्याका र रितपूर्वक दर्ता हुन आएका बोलपत्रहरु मितिः २०८०/०५/०४ मा दिनको २ बजे साक्षीहरुको रोहवरमा खोलिनेछ।

९. लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको १५ दिनभित्र सकार गरेको रकम तथा निर्धारित मूल्य अभिवृद्धि कर समेत बुझाई लिलाममा चढाएको जडीबुटी तोकिएको अवधिभित्र उठाई लैजानु पर्नेछ।

१०. बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षर दुबैमा लेख्नु पर्दछ। अङ्क र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिईनेछ।

फोनः ०२६-५२२२२९, फ्याक्सः- ०२६-५२०२७४, Email: dhankutadfo@gmail.com, Website: dfodhankuta.koshi.gov.np